# चन्द्र शमशेरका पालामा भारतमा पठाइएका विद्यार्थीहरूको छात्रवृत्ति सम्बन्धी व्यवस्था

- भवेश्वर पंगेनी

## परिचय

मध्यकालको अन्त्यतिरसम्म पनि नेपालमा विद्यमान विभिन्न राज्यहरूमा आ-आफ्नै भाषा, शैलीद्वारा शासन सञ्चालन गरिन्थ्यो । तर नेपालको एकीकरणसंगै मुलुकभरि प्रशासनिक पद्धती एवं प्रशासनिक भाषामा पनि एकरूपता आयो । अर्थात् एकीकृत नेपालको प्रशासनमा प्रायः नेपाली भाषाको प्रयोग हुन थाल्यो तर बाह्य मुलुकसंगको सम्बन्ध भने अंग्रेजी, फारसी, उर्दू जस्ता भाषाको माध्यमबाट नै हुने गर्थ्यो तथापि पृथ्वीनारायण शाह र उनका उत्तराधिकारीले आफ्ना भारदार एवं कर्मचारीलाई नेपाली भाषाबाट नै प्रशासनिक तालिम दिन थाले ।

भारतमा अंग्रेजको प्रभुत्व बढ्दै जानु, अंग्रेजसंगको युद्धमा नेपाल पराजित भएपछि राजदूतका रूपमा ब्रिटिश रेसिडेण्टलाई काठमाडौंमा राख्न बाध्य हुनु, अंग्रेजसंग अंग्रेजी भाषाको माध्यमबाट सम्पर्क राख्न सजिलो हुनु आदि जस्ता कारणहरूबाट नेपालको विदेश मामिलासंग सम्बन्धित पदाधिकारी लगायत शासक वर्गले पनि अंग्रेजी भाषा जान्नु आवश्यक छ भन्ने कुरा भीमसेन थापालाई अनुभूति भएको थियो । त्यसैले उनले विदेशी भाषा सिकाउनका निम्ति कतिपय व्यक्तिलाई सरकारी खर्चमा भारत पठाए भने आफ्नो शासनकालको उत्तरार्द्धतिर भारतको कलकत्ताबाट बंगाली शिक्षक झिकाएर राजधानीमा नै अंग्रेजी भाषा पढाउने कार्यको थालनी पनि गरे ।[1] अंग्रेजी भाषाको बढ्दो आवश्यकता बुझेर नै माथवरसिंह थापाले आफ्ना छोराहरूलाई पश्चिमी ज्ञान र अंग्रेजी भाषा सिकाउनका निम्ति सन् १८३५ (वि.सं. १८९२) डिसेम्बरको अन्त्यतिर पटनाको एउटा सरकारी स्कूलमा अनुरोध पनि गरेका थिए ।[2] प्राइमिनिष्टर जंगबहादुर जब बेलायत लगायत यूरोपको भ्रमणमा गए त्यसबखत उनलाई अंग्रेजी भाषा एवं शिक्षाको आवश्यकताको बोध हुन गयो । त्यसैबाट प्रेरणा लिएर नेपाल फर्कनासाथ उनले विशेष गरी आफ्नो परिवारका सदस्यहरूलाई पढाउनका निम्ति आफ्नै थापाथली दरबारको गोल बैठकमा एउटा स्कूल स्थापना गरे, जसमा पढाउनका

---

१. *घनश्याम रिजाल, हिस्ट्रि अफ एजुकेशन इन नेपाल सन् १८५१-१९५१, त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत विद्यावारिधि उपाधिको प्रयोजनका निम्ति प्रस्तुत शोध-पत्र (अप्रकाशित) ई.सं १९८७, पृ. २१ ।*

२. *ऐजन, पृ. ३७ ।*

निम्ति अंग्रेज तथा कलकत्ताबाट बंगाली शिक्षकहरू समेत ल्याइए ।[३] सन् १८५१ (वि.सं. १९०८) मा स्थापना गरिएको सो स्कूल नै नेपालमा यस किसिमले स्थापना गरिएको आधुनिक एवं पश्चिमी शैलीको पहिलो स्कूल थियो, जसलाई पछि रानीपोखरीमा सारेर सार्वजनिक स्कूलका रूपमा रूपान्तरित गरियो ।

यसरी स्थापना गरिएको 'दरबार स्कूलले' पनि छिमेकमा बढ्दै गएको नवीन प्रविधि अनुसार मुलुकका निम्ति आवश्यक जनशक्ति उत्पादन गर्न सक्ने अवस्था थिएन । त्यसैले समयको अन्तरालसंगै शासकहरूले केही आवश्यक विषय अध्ययनका निम्ति मानिसहरूलाई सरकारी खर्चमा विदेश पनि पठाउन लागे । यसरी सरकारी खर्चमा कलकत्ताबाट इन्ट्रेनस परीक्षा उत्तीर्ण गर्ने पहिलो नेपाली संभवतः बलवान सिंह प्रधान थिए । उनले सन् १८५९ ( वि.सं. १९१६) मा सो परीक्षा उत्तीर्ण गरेका थिए ।[४] बेलायतबाट फर्केपछि १० वर्षको अवधिमा जंगबहादुर राणाले बलवान सिंह प्रधान, अमरमान, अम्बरमान सिंह, सुवेदार बालसिंहलाई पढ्नका निम्ति छात्रवृत्तिमा भारत पठाएका थिए ।[५] उनका उत्तराधिकारीहरूले पनि आ-आफ्नो कार्यकालमा शिक्षा आर्जनका निम्ति विभिन्न मानिसहरूलाई विदेश (खासगरी भारत) मा पठाउने कार्य गरका थिए । यसरी राणाशासकहरूले मुलुकलाई आवश्यक पर्ने दक्ष जनशक्ति तयार गर्ने कार्यलाई पनि प्राथमिकता दिएको पाइन्छ ।

त्रिभुवन विश्वविद्यालय, इतिहास केन्द्रीय विभाग, कीर्तिपुरमा रहेका कौसितोसाखानाका पुराना कागजपत्रहरू मध्ये प्रधानमन्त्री चन्द्रशमशेरको कार्यकाल अन्तर्गत वि.सं. १९८०, १९८१ र १९८२ सालमा केही विद्यार्थीलाई भारतका शैक्षिक संस्थाहरूमा विभिन्न विषयहरू अध्ययन गर्नका निम्ति सरकारी खर्चबाट पठाइएको केही सामग्रीहरू समेत भेटिएका छन् । यी सामग्रीहरूबाट आधुनिक शिक्षाप्रति चन्द्रशमशेरको दृष्टिकोण, अध्ययनका निम्ति पठाइएका विद्यार्थीलाई दिइने खर्चको विवरण, सो खर्च रकम दिईने प्रकृया लगायत अन्य विभिन्न विषयहरूमा विस्तृत जानकारी पाउन मद्धत मिल्दछ । त्यसैले पाठकवर्गलाई सो विषयमा बढी जानकारी मिलोस् भन्ने उद्देश्यबाट इतिहास केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुरमा रहेका सामग्रीहरूमध्ये पोका नं. १ को सामग्रीहरूका आधारमा यो लेख तयार भएको छ । यसमा प्रयोग गरिएका सामग्रीमा साविक नम्बर भएकोमा साविक नम्बर समेत विभागमा राखिएको नम्बर तथा साविक नम्बर उल्लेख नभएकोमा विभागको नम्बर मात्र उल्लेख गरेर लेखलाई स्पष्ट पार्ने प्रयास गरिएको छ । यस लेखलाई बढी स्पष्ट पार्ने उद्देश्यले यसमा प्रयोग गरिएका अप्रकाशित सामग्रीहरू अध्ययन गर्न सजिलो होस् भन्ने उद्देश्यले सबैको उतार तथा केहिको सक्कल रूप नै परिशिष्टमा राखिएको छ । त्यस्तै लेखलाई यथाशक्य स्पष्ट पार्नका लागि भारतमा पढ्न पठाइएका विद्यार्थीको विषय अनुसार छुट्टा छुट्टै उप-शीर्षक दिइएको छ ।

## इन्जिनीयरिङ्ग र फरेष्ट्री

प्राप्त सामग्रीहरूबाट इन्जिनीयरिङ्ग, सिविल इन्जिनीयरिङ्ग, फरेष्ट रेंजर विषयमा अन्य विषयभन्दा बढी विद्यार्थीलाई पढ्न पठाएको देखिन्छ । वि.सं. १९८० कार्तिक १६ गतेको एउटा र १९८२ असार १३, पौष २८ र चैत्र १६ गरी सो वर्षका तीन वटा समेत जम्मा चारवटा सामग्रीहरूमध्ये पहिलो सामग्री अनुसार सुर्जेजंग थापा क्षेत्री[६] र जतकराज श्रेष्ठ दुइ जनालाई इन्जिनीयरिङ्ग पढ्न क्रमशः ३ र ५ वर्षका निम्ति भारतको रूड्की र बनारसमा पठाइएको थियो । जतकराज श्रेष्ठलाई इलेक्ट्रिक इन्जिनीयरिङ्ग अध्ययनका निम्ति वार्षिक कम्पनी रू. (भा.रू.) ६९६/- दिने गरी बनारसमा र सुर्जेजंग क्षेत्रीलाई विषय नखुलाई इन्जिनीयरिङ्ग

३. *गुणदेव भट्टराई, 'दरवार हाई स्कूल' शिक्षा समाचार, वर्ष-४, अङ्क-२, वि.सं. २०१८, पृ. ४२ ।*

४. *घनश्याम रिजाल, पाद टिप्पणी नं. १, पृ. ४८ ।*

५. *टी.एन.उप्रेती, फिनान्सिङ इलिमेन्ट्री एजुकेशन इन नेपाल, यु.एस. ए: ओरोगन युनिभर्सिटि, ई.सं. १९६२, पृ. ४४ ।*

६. *परिशिष्ट नं. १ ।*

अध्ययन गर्न ३ वर्षका निम्ति रूड्कीमा वार्षिक कम्पनी रू. ७२०/- दिने गरी पठाइएको थियो । यी दुवैलाई दिइने रकममा बक्स शीर्षक उल्लेख गरिएको पाइन्छ । त्यस्तै चन्द्रदाश गुप्ता, रेखबहादुर रायमाझी क्षेत्री र कासीराज पाँडेलाई वि.सं १९८२ सालको क्रमशः असार १३ पौष २८ र चैत्र १६ गते पढ्न पठाइएको थियो । उनीहरू मध्ये चन्द्रदाश गुप्तालाई मेकानिकल इन्जिनीयरिङ्ग पढ्नका निम्ति वार्षिक भत्ता वापत कम्पनी रू. ६००/- दिने गरी ४ वर्षका लागि बनारस पठाइएको थियो[७] भने रेखबहादुर[८] र कासीराज पाँडेलाई[९] ५-५ वर्षका निम्ति वार्षिक कम्पनी रू. ८४०/- भत्ता दिएर भारतको शिवपुर र मद्राश पठाइएको थियो । तर यी दुवैलाई कुन विषयमा इन्जिनीयरिङ्ग पढ्न पठाइएको थियो भन्ने कुरा सो सामग्रीमा उल्लेख गरि एको छैन ।

यहाँनेर उल्लेख्य कुरा के देखिन्छ भने इन्जिनीयरिङ्ग पढ्न जाने विद्यार्थीमध्ये कसैलाई ३, कसैलाई ४ र कसैलाई ५ वर्षका निम्ति पठाइएको थियो, जुन कोर्षको समय अनुसार पनि मिल्दो देखिँदैन । त्यस्तै सो विषय पढ्न जाने विद्यार्थीहरूलाई दिइने रकममा पनि फरक पाइन्छ । जस्तो रेखबहादुर र कासीराज पाँडेलाई वार्षिक कम्पनी रू. ८४०/- दिने भनिएको छ भने सुर्जेजंग थापालाई वार्षिक रू. ७२०/- जतकराज श्रेष्ठलाई रू. ६९४/- र चन्द्रदाश गुप्तालाई सबैभन्दा थोरै रू. ६००/- मात्र तोकिएको पाइन्छ । यसैगरी पढ्न जाने विद्यार्थीलाई सरकारले रकम दिंदा पनि कसैलाई भत्ता एवं कसैलाई बक्स भनी दुई बेग्ला बेग्लै शीर्षकबाट दिने गरेको थियो । जातिगत दृष्टिबाट हेर्दा पनि इन्जिनीयरिङ्ग पढ्न पठाइएका ती पाँच जना विद्यार्थीहरूमध्ये एक जना पहाडीया र एक जना गुप्ता गरी दुई जना ब्राह्मण, दुई जना क्षेत्री तथा एक जना नेवार परिवारका थिए । यसबाट पनि ब्राह्मण, क्षेत्री तथा नेवार समुदायलाई उच्च शिक्षा (प्राविधिक) अध्ययन गर्न राज्यले अवसर दिएको देखिन्छ । यति हुँदा हुँदै पनि इन्जिनीयरिङ्ग विषय पढ्न भारतमा पाँच जना विद्यार्थीलाई पठाइए पनि सबैलाई कुन-कुन विषयमा इन्जिनीयरिङ्ग पढ्न पठाइएको हो भन्ने स्पष्ट उल्लेख नभएकाले तत्कालीन सरकारले (प्रधानमन्त्रीले) मुलुकमा कुन विषय बढी आवश्यक भएको महशुस गरेको रहेछ वा मुलुकलाई कुन विषयको जनशक्ति खाँचो परेको रहेछ भन्ने कुरा स्पष्ट हुँदैन । त्यस्तै इन्जिनीयरिङ्ग कलेजहरूमा भर्ना गरी पढाइ चालु हुने समय सामान्यतया एउटै हुनु पर्ने हो । तर राणा सरकारले भने असार, कार्तिक, पौष र चैत्र महिनामा विद्यार्थीहरूलाई पढ्न पठाउने कार्य गरेबाट यसरी जुनसुकै समयमा पनि किन पठाइएको हो भन्ने जिज्ञासा रहन्छ । यस बारेमा संभवतः सरकारले विभिन्न मितिमा पढ्न पठाउने निर्णय गरे तापनि उनीहरू एउटै समयतिर अध्ययनका निम्ति गएको हुनुपर्दछ ।

इन्जिनीयरिङ्ग जस्तै सिविल इन्जिनीयरिङ्ग विषय पढ्नका लागि विद्यार्थीलाई भारतमा पठाइएको बारेको पनि एउटा सामग्री पाइएको छ । यस सामग्री अनुसार वि.सं. १९८१ साल असार महिनामा भुपेन्द्र शमशेर थापा क्षेत्री, जंगविक्रम राणा र फलेन्द्रविक्रम राणालाई सिविल इन्जिनीयरिङ्ग पढ्न चार वर्षका लागि बनारस पठाइएको थियो ।[१०] उनीहरू तीन जनालाई संभवतः एउटै कलेजमा पठाइयो । यहाँनेर उल्लेख्य कुरा के छ भने ती तीनै जनालाई वार्षिक कम्पनी रू. ६०/- मात्र बक्स दिइएको कुरा सो सामग्रीमा उल्लेख गरिएको छ । सो रकमका अतिरिक्त अन्य रकम दिइएको उल्लेख नगरिएकाले उनीहरूले त्यति थोरै रकमबाट कसरी आफ्नो खर्च चलाउँदथे ? उनीहरूलाई किन त्यति थोरै रकम दिने निर्णय भयो ? भन्ने जस्ता कुराहरू स्पष्ट हुँदैन । प्राप्त अन्य सामग्रीमा सबै विद्यार्थीलाई दिइने खर्चको विवरण यसैगरी उल्लेख गरिएकाले सिविल इन्जिनीयरिङ्ग पढ्न गएका ती विद्यार्थीहरूलाई पनि कम्पनी रू. ६०/- मात्र बक्सका रूपमा दिएर नपुग रकम विद्यार्थी आफैले बन्दोवस्त गर्नु पर्ने हो वा के हो सो स्पष्ट पाइँदैन ।

फरेष्टर रेंजर विषय पढ्नका निम्ति पनि केही विद्यार्थीहरूलाई भारत पठाएको पाइन्छ । वि.सं. १९८०[११]

---

*७. परिशिष्ट नं. २ ८. परिशिष्ट नं. ३ ९. परिशिष्ट नं. ४ १०. परिशिष्ट नं. १ ११. ऐजन १२. परिशिष्ट नं. ५*

र १९८२[१२] मा लेखिएका र सो सन्दर्भ उल्लेख भएका सामग्रीहरू पनि पाइएका छन् । ती सामग्री अनुसार शेरजंग थापा क्षेत्रीलाई १९८० साल चैत्र र गेहेन्द्र शमशेर थापा क्षेत्रीलाई १९८२ साल चैत्र महिनामा दुई-दुई वर्षका निम्ति फरेष्टर रेंजर विषय पढ्न भारतको देहरादूनमा पठाइएको थियो । उनीहरूलाई पढ्न पठाउँदा दुवैलाई वार्षिक कम्पनी रू. ९६०/- दिइएको थियो। तर यसरी पैसा दिंदा शेरजंगलाई बक्स र गेहेन्द्र शमशेरलाई बक्स भत्ता भनेर कागजमा स्पष्ट रूपले उल्लेख गरिएको थियो । फरेष्ट रेंजर पढ्न जाने यी दुवै क्षेत्री परिवारका विद्यार्थी थिए ।

### चिकित्सा, वाणिज्य र कानून

माथि उल्लिखित विषयहरूका अतिरिक्त वि.सं. १९८१ साल जेठ महिनामा यज्ञबहादुर बस्नेत क्षेत्रीलाई एम.बी. (?) पढ्न ६ वर्षका लागि बम्बैमा[१३] र सोही वर्षको साउन महिनामा इन्द्रमान श्रेष्ठलाई बी.कम्. पढ्न समयावधि उल्लेख नगरी कलकत्ता पठाइएको थियो ।[१४] त्यस्तै अर्को वर्ष अर्थात् वि.सं १९८२ सालको असार महिनामा देवमणि आ.दि.लाई ६ वर्षको लागि डाक्टरी पढ्न कलकत्ता पठाइएको थियो ।[१५] सोही वर्षको साउन महिनामा द्वारिकाप्रसाद कायस्थलाई एल. एम. बी. पढ्नका निम्ति दरभंगा र गुंजमानलाई बी.एल.पढ्न इलाहावाद पठाइएको थियो ।[१६] यी दुईलाई कति वर्षका लागि पठाइएको हो सो कुरा उल्लिखित सामग्रीहरूमा लेखिएको पाइँदैन । एम.बी. र डाक्टरी पढ्न ६/६ वर्षका निम्ति कलकत्ता र बम्बै जाने यज्ञ बहादुर र देवमणिलाई बार्षिक कम्पनी रू. ८४०/- बी.कम. पढ्न जाने इन्द्रमान श्रेष्ठलाई वार्षिक कम्पनी रू. ७२०/- भत्ता दिने उल्लेख गरिएको छ । उनीहरू बाहेक एल.एम.बी. र बी.एल. पढ्न जाने द्वारिकाप्रसाद र गुंजमानलाई भत्ता वापत वार्षिक कति रकम दिइन्थ्यो सो कुरा उल्लेख छैन। त्यस्तै द्वारिकाप्रसाद, गुंजमान र इन्द्रमानलाई कति-कति वर्षका निम्ति पढ्न पठाइएको हो सो पनि स्पष्ट छैन। यी पाँचै जनालाई दिइने रकमको उल्लेख नभए पनि उनीहरू सबैलाई भत्ता शीर्षकबाट पैसा दिइन्थ्यो । छुट्टा-छुट्टै पाँच विषय पढ्न गएका यी पाँच जना विद्यार्थीमध्ये डाक्टरी पढ्न जाने एक जना ब्राह्मण एम.बी. पढ्न जाने एक जना क्षेत्री र बाँकी एल.एम.बी., बी.एल. र बी.कम पढ्न जाने ३ जना नेवार समुदायका विद्यार्थीहरू थिए ।

### अध्ययनका निम्ति दिइने रकम र रकम दिने प्रक्रिया

वि.सं. १९८०-८२ सालमा नेपालबाट भारतका विभिन्न ठाउँका शिक्षण संस्थाहरूमा विभिन्न विषय पढ्नका निम्ति नेपाल सरकारले खर्च दिएर पठाएका माथि उल्लिखित १५ जना विद्यार्थीहरूमध्ये एम.बी. र डाक्टरी पढ्न जानेलाई ६ वर्ष र फरेष्ट रेंजर विषय पढ्न जानेलाई सबैभन्दा कम २ वर्ष समय लागेको पाइयो भने अन्य विषयहरूलाई ५, ४ र ३ वर्ष लागेको देखिन्छ । त्यस्तै उल्लिखित विद्यार्थीहरूमध्ये फरेष्ट रेंजर विषय पढ्न पठाइएका शेरजंग र गेहेन्द्र शमशेरलाई सबैभन्दा बढी रकम वार्षिक कम्पनी रू. ९६०/- र सिविल इन्जिनीयरिङ्ग पढ्न पठाइएका तीन जनालाई सबैभन्दा कम रकम वार्षिक कम्पनी रू. ६०/- मात्र दिइएको पाइयो । यो रकम दिंदा भत्ता र बक्स गरी बेग्ला बेग्लै शीर्षकबाट दिइन्थ्यो । यसरी बढी र घटी रकम दिइनुमा पढाईको तह लगायत सम्बन्धित विद्यार्थीको तत्कालीन प्रधानमन्त्रीसंगको सम्बन्धले पनि महत्वपूर्ण भूमिका खेलेको हुनपर्दछ । त्यस्तै विद्यार्थीलाई पढ्न पठाइने विषय पनि व्यक्तिगत सम्बन्धकै कारण रोज्न पाएको हुन सक्दछ । जातियताको दृष्टिले अध्ययन गर्दा भारतमा पढ्न पठाइएका माथि उल्लिखित जम्मा १५ जना विद्यार्थी मध्ये ब्राह्मण-२, ठकुरी (राणा)-२ , क्षेत्री-६, नेवार -४ र गुप्ता १ जना देखिन्छन् ।

सरकारले खर्च दिएर पढ्न पठाएका विद्यार्थीहरूलाई कुन विषय पढ्न कहाँ ? कति समयका लागि ? वार्षिक वा मासिक कति रकम दिने गरी पठाउने हो भन्ने विस्तृत

१३. रिशिष्ट नं. ६ १४. परिशिष्ट नं. ७ १५. परिशिष्ट नं. ८

१६. परिशिष्ट नं. ९

विवरण समेतको कागज प्रधानमन्त्री एवं कमाण्डर-इन-चीफको नामबाट तयार गरी दरबन्दी दर्ताको लागि कमाण्डरी किताबखानामा पठाइन्थ्यो। सो कागज बमोजिमको दरबन्दी दर्ता भएपछि सोही बमोजिम विवरण समेतको आदेश कौसितोसाखाना एवं स्कूल, कलेज गोश्वारामा पठाइन्थ्यो । स्कूल-कलेज गोश्वारामा पुगेपछि सो पत्रमा आवश्यक अनुसार छाप लगाई रकम वितरण गर्ने वा वितरण गर्न लगाउने आदेश दिइन्थ्यो । पढ्न पठाइएका विद्यार्थीलाई रकम दिंदा विशेष गरी वि.सं. १९८१ साल असार मसान्तसम्म मोरङ्ग विराटनगर तीन साँचाबाट दिने गरिन्थ्यो । त्यसैले "८१ साल जेष्ठ (वि.सं. १९८१) १५ गते देषी आषाड मैन्हा सम्मको भत्ता सवाल सनदको रीत पुऱ्याई दीने काम गर भंने मोरं वीराटनगर ३ सांचाका नाउमा स्मेत् सनद गरीवक्सको हुनाले सो वमोजीं कीताप् दर्ता गरी वीराटनगर ३ सांचालाई जनाउ स्मेत पठाइदी ८१ साल श्रावण मैन्हा देषी लेषीयाका मीतीसम्म पढुंज्याल मैन्हा मैन्हामा तेस् कौसी तोसाषानावाट जीम्मावारी ल्याई षुवाउनालाई"......[१७] भनी संवत् १९८१ साल आषाढ १५ गते रोज ३ को कौसितोसाखानाको हाकिम कारिंदाको नामको पूर्जिमा उल्लेख भएकाले सो मितिसम्म विराटनगर ३ साँचाले र १९८१ साल साउन महिनापछि भने कौसितोसाखानाबाट जिम्मेवारी ल्याई कलेज-स्कूल गोश्वाराबाट खुवाउने अधिकार कौसिको हाकिम कारिन्दालाई दिइएको थियो ।[१८] तर यसरी पैसा दिंदा भने कतिपय अवस्थामा कलेज-स्कूलको जिम्मामा जिम्मेवारी दिनु पर्दथ्यो ।[१९] कतिपय विद्यार्थी पढ्न जाँदा र पढाइ पूरा गरी फर्कंदा जाने र फर्कने महिना पूरा नभएका खण्डमा ती दुई महिनाको दिन गन्तीका हिसाबले र अन्य पढ्नेको महिनाको भने महिनाकै हिसाबले भत्ता वा बक्स रकम पूरै दिनु पर्दथ्यो ।[२०] तर यो नियम भने सबै विद्यार्थीलाई समान रूपले लागू भएको पाइँदैन ।

पढ्न गएका विद्यार्थीहरूमध्ये कतिले पढाई पूरा नगर्दै पढाई छाड्ने प्रवृत्ति पनि भएको हुनु पर्दछ, त्यसैकारण 'विद्यार्थीले पढ्दै गरेका छन्' भन्ने पाठशाला बन्दोबस्त इन्स्पेक्टर अफिसको सिफारिश पुर्जि निस्सा लिएपछि मात्र पैसाको भुक्तानी दिनु पर्दथ्यो ।[२१] यदि विद्यार्थीहरू कलेज छुट्टी भएका बखत विदामा नेपाल आई बसेका खण्डमा छुट्टी बिदाको पढाई नभएको भत्ता पनि दिइन्थ्यो ।[२२] तर यसरी विदामा बसेको समयमा विद्यार्थीलाई भत्ताका रूपमा के कति रकम दिइन्थ्यो सो कुराको जानकारी भने यी सामग्रीहरूबाट पाइएको छैन ।

कतिपय विद्यार्थीलाई एक विषयमा एउटा तह उत्तीर्ण गरेपछि अर्को विषयमा अर्को तह वा सोही विषयको माथिल्लो तहमा अध्ययन गर्न दिइएको पनि पाइन्छ । जस्तो बनारसमा बी.ए. पढ्न गएका गुंजमानले बी.ए. उत्तीर्ण गरेपछि तत्कालै उनलाई इलाहाबादमा बी.एल. पढ्न पठाइएको थियो ।[२३] त्यस्तै रेखबहादुर रायमाझी र सोमराज पाँडेले कलकत्ता टेक्निकल कलेजमा ड्रईङ र हिसाब सिकी ड्रईङ विषयको इन्टेन्स परीक्षा दिएपछि रेखबहादुरलाई शिवपुर इन्जिनीयरिङ्ग कलेज खुलेपछि भर्ना भई पाँच वर्षसम्मलाई इन्जिनीयरिङ्ग अध्ययन गर्न दिइएको थियो[२४] भने सोमराज पाँडेलाई मद्रास इन्जिनीयरिङ्ग कलेज खुलेपछि पाँच वर्ष इन्जिनीयरिङ्ग अध्ययन गर्न दिइएको थियो ।[२५] यसले एउटा शिक्षण संस्थाबाट एक तहको अध्ययन सकेर अर्को शिक्षण संस्थामा अर्को विषय र तह अध्ययन गर्नका निम्ति जाने वा एक ठाउँको कलेजमा एउटा विषय अध्ययनका निम्ति भर्ना भई सोही विषय अर्को ठाउँको कलेजमा अध्ययन गर्न जाने[२६] विद्यार्थीलाई तोकिए बमोजिमको रकम पछि गएको कलेजमा पठाई दिनु पर्दथ्यो । यो कार्य कौसितोसाखाना मार्फत् कलेज-स्कूल गोश्वाराका हाकिमको जिम्मामा गराइन्थ्यो । तर कतिपय विद्यार्थीलाई यसरी पठाउनु पर्ने रकम निजले पढ्दै गरेको छ भन्ने पाठशाला बन्दोबस्त इन्स्पेक्टरी अफिसको पूर्जी निस्सा (प्रमाण) लिएपछि निजको वारेसवाला वा मानिसलाई पनि दिने

*१७. परिशिष्ट नं. ७   १८. परिशिष्ट नं. ७   १९. परिशिष्ट नं. २   २०. परिशिष्ट नं. १, ५   २१. परिशिष्ट नं. १, ५   २२. परिशिष्ट नं. ९*
*२३. ऐजन ।   २४. परिशिष्ट नं. ३   २५. परिशिष्ट नं. ४   २६. परिशिष्ट नं. ९*

व्यवस्था मिलाइएको थियो । यसरी विद्यार्थीको सम्बन्धित मानिसलाई रकम दिएको खण्डमा सो खर्चको स्याहा (कागज)मा भने बक्स खर्च लेख्नु पर्दथ्यो ।[२७]

भारतमा अध्ययनका निम्ति पठाइने विद्यार्थीलाई दरबन्दीमा तोकिए बमोजिमको भत्ता बक्सका अतिरिक्त कलेजको शुल्क समेत दिइने कुरा सदर अफिस मुन्सिखानाबाट पाठशाला बन्दोबस्त अड्डालाई पठाइएको एउटा पूर्जीमा उल्लेख छ । वि.सं. १९८२ साल चैत्र ४ गते रोज ७ के सो पूर्जीमा गेहेन्द्र शमशेर थापा क्षेत्रीलाई देहरादूनमा फरेष्ट रेंजर विषय पढ्दा लाग्ने शुल्क पनि दिने[२८] भन्ने उल्लेख भए तापनि शुल्क कति तिर्नु पर्दथ्यो र सो शुल्क वापत उनले कति पैसा पाए भन्ने कुरा भने कतै उल्लेख भएको पाइएको छैन । उनलाई भत्ता बक्स वापत वार्षिक कम्पनी रू. ८४०/- दिने भन्ने उल्लेख मात्र पाइन्छ ।[२९]

सरकारको छात्रवृतिमा भारतका विभिन्न शिक्षण संस्थाहरूमा प्रति वर्ष अध्ययन गर्न जाने नेपाली विद्यार्थीको संख्या सानो १५-२० जनाको हुन्थ्यो । त्यति सानो संख्यामा अध्ययनका निम्ति पठाइने विद्यार्थीको विवरण राख्न सम्बन्धित अड्डाका कर्मचारीलाई त्यति कठिन हुनुपर्ने जस्तो देखिंदैन । तर वि.सं. १९८१ साल साउन ३२ गतेको खड्ग निशाना अनुसार कलकत्तामा बी.कम. पढ्दै गरेका इन्द्रमान श्रेष्ठलाई भेटेनरी पढ्ने भनी कमाण्डरी किताबखानामा दर्ता गरिएको कुरा वि.सं. १९८२ साल असोज महिनामा मात्र सम्बन्धित कर्मचारीले थाहा पाएका थिए । तर भेटेनरी पढ्ने र बी.कम. पढ्ने विद्यार्थीलाई सरकारले दिने छात्रवृति रकममा केही फरक नभएकाले सो विषय सच्चाएर पुनः बी.कम. पढ्ने बनाई पहिले भुलबाट भेटेनरी पढ्ने भन्ने भएकोमा कसैलाई पनि कुनै कारवाही नगरिने भन्ने व्यहोराको पत्र कौसितोसाखानालाई पठाइएको थियो ।[३०] यसबाट इन्द्रमान श्रेष्ठलाई आर्थिक रूपमा कुनै नोक्सान नपरे तापनि राणा शासनकालमा प्रशासनिक दृष्टिले निकै चुस्त र योग्य मानिने प्रधानमन्त्री चन्द्र शमशेरको शासनकालमा पनि प्रशासनिक व्यवस्था कत्तिको लापरवाहपूर्ण हुँदोरहेछ भन्ने उदाहरण पाउन सकिन्छ ।

**शाही बकस**

सरकारी खर्चमा अध्ययन गर्न विदेश पठाइने विद्यार्थीहरू आफ्नो अध्ययन पूरा गरी फर्कदा राज्यले उनीहरूलाई सम्मान पनि गर्दथ्यो । यसै क्रममा उनीहरूलाई थानकोटबाट सम्मानका साथ हात्तीमा चढाएर श्री ३ महाराज, प्रधानमन्त्रीको दर्शन गराउन लगिन्थ्यो । राजकीय परम्परा अनुसार विद्यार्थीले श्री ३ महाराजलाई दाम राखेर दर्शन गर्नु पर्दथ्यो ।[३१] यहाँनेर उल्लेख्य कुरा के पनि छ भने यस्ता विद्यार्थीले महाराजाधिराज (श्री ५) लाई भेट्ने प्रचलन भने भएको पाइँदैन । तर विदेशबाट आफ्नो पढाइमा उत्तीर्ण भएर फर्कने कतिपय विद्यार्थीलाई श्री ५ ले बक्स दिएको उदाहरणहरू पनि पाइन्छन् । जस्तो इन्ट्रेन्स (एस.एल.सी) उत्तीर्ण गरेर फर्कने कर्णेल हर्षजंग थापा क्षेत्रीका छोरा चंद्र थापा श्रेत्रीलाई श्री ५ ले दोसल्ला वापत बक्स दिनका निम्ति वि.सं. १९५८ सालमा नगद मोहर रू. ३०० दिएका थिए ।[३२] भने सोही वर्ष नै कलकत्ताबाट पास भएर आउने वकिल लेफटेण्ट कर्णेल कुलानन्दका छोरा मानिकलाल र सुकदेव पण्डितका छोरा मदनदेव पाध्यालाई बाटो खर्च रू. २१२/५०, दोसल्ला वापत रू २००/- समेत जनही मो. रू. ४१२/५० का दरले जम्मा रू. ८२५/- श्री ५ को नामबाट बक्स दिइएको थियो ।[३३]

**उपसंहार**

अध्ययनका निम्ति भारतमा पठाउन कस्ता विद्यार्थीलाई छानिन्थ्यो र विद्यार्थी छान्ने आधार के थियो भन्ने विषय पनि महत्त्वपूर्ण छ । राज्यको छात्रवृतिमा पढ्न भारत पठाउँदा वर्तमानमा जस्तो प्रतिस्पर्धा गराएर योग्य विद्यार्थीको छनोट प्रक्रिया र पढ्न पठाइने आधार निर्धारण गरिएको पाइँदैन । यद्यपि भारतमा विभिन्न विषय पढ्न गएका विद्यार्थीहरूको पारिवारिक पृष्ठभूमिका आधारमा यसबारे केही जानकारी पाउन सकिन्छ । जस्तो बम्बैमा

*२७. परिशिष्ट नं. ५ २८. परिशिष्ट नं. १० २९. परिशिष्ट नं. ११ ३०. परिशिष्ट नं. ७ ३१. घनश्याम रिजाल, पाद टिप्पणी नं. १, पृ. ११० । ३२. परिशिष्ट नं. ११ ३३. परिशिष्ट नं. १२*

व्यवस्था मिलाइएको थियो । यसरी विद्यार्थीको सम्बन्धित मानिसलाई रकम दिएको खण्डमा सो खर्चको स्याहा (कागज)मा भने बक्स खर्च लेख्नु पर्दथ्यो ।[२७]

भारतमा अध्ययनका निम्ति पठाइने विद्यार्थीलाई दरबन्दीमा तोकिए बमोजिमको भत्ता बक्सका अतिरिक्त कलेजको शुल्क समेत दिइने कुरा सदर अफिस मुन्सिखानाबाट पाठशाला बन्दोबस्त अड्डालाई पठाइएको एउटा पूर्जीमा उल्लेख छ । वि.सं. १९८२ साल चैत्र ४ गते रोज ७ के सो पूर्जीमा गेहेन्द्र शमशेर थापा क्षेत्रीलाई देहरादूनमा फरेष्ट रेंजर विषय पढ्दा लाग्ने शुल्क पनि दिने[२८] भन्ने उल्लेख भए तापनि शुल्क कति तिर्नु पर्दथ्यो र सो शुल्क वापत उनले कति पैसा पाए भन्ने कुरा भने कतै उल्लेख भएको पाइएको छैन । उनलाई भत्ता बक्स वापत वार्षिक कम्पनी रू. ८४०/- दिने भन्ने उल्लेख मात्र पाइन्छ ।[२९]

सरकारको छात्रवृतिमा भारतका विभिन्न शिक्षण संस्थाहरूमा प्रति वर्ष अध्ययन गर्न जाने नेपाली विद्यार्थीको संख्या सानो १५-२० जनाको हुन्थ्यो । त्यति सानो संख्यामा अध्ययनका निम्ति पठाइने विद्यार्थीको विवरण राख्न सम्बन्धित अड्डाका कर्मचारीलाई त्यति कठिन हुनुपर्ने जस्तो देखिंदैन । तर वि.सं. १९८१ साल साउन ३२ गतेको खड्ग निशाना अनुसार कलकत्तामा बी.कम. पढ्दै गरेका इन्द्रमान श्रेष्ठलाई भेटेनरी पढ्ने भनी कमाण्डरी किताबखानामा दर्ता गरिएको कुरा वि.सं. १९८२ साल असोज महिनामा मात्र सम्बन्धित कर्मचारीले थाहा पाएका थिए । तर भेटेनरी पढ्ने र बी.कम. पढ्ने विद्यार्थीलाई सरकारले दिने छात्रवृति रकममा केही फरक नभएकाले सो विषय सच्चाएर पुनः बी.कम. पढ्ने बनाई पहिले भुलबाट भेटेनरी पढ्ने भन्ने भएकोमा कसैलाई पनि कुनै कारवाही नगरिने भन्ने व्यहोराको पत्र कौसितोसाखानालाई पठाइएको थियो ।[३०] यसबाट इन्द्रमान श्रेष्ठलाई आर्थिक रूपमा कुनै नोक्सान नपरे तापनि राणा शासनकालमा प्रशासनिक दृष्टिले निकै चुस्त र योग्य मानिने प्रधानमन्त्री चन्द्र शमशेरको शासनकालमा पनि प्रशासनिक व्यवस्था कत्तिको लापरवाहपूर्ण हुँदोरहेछ भन्ने उदाहरण पाउन सकिन्छ ।

## शाही बकस

सरकारी खर्चमा अध्ययन गर्न विदेश पठाइने विद्यार्थीहरू आफ्नो अध्ययन पूरा गरी फर्कदा राज्यले उनीहरूलाई सम्मान पनि गर्दथ्यो । यसै क्रममा उनीहरूलाई थानकोटबाट सम्मानका साथ हात्तीमा चढाएर श्री ३ महाराज, प्रधानमन्त्रीको दर्शन गराउन लगिन्थ्यो । राजकीय परम्परा अनुसार विद्यार्थीले श्री ३ महाराजलाई दाम राखेर दर्शन गर्नु पर्दथ्यो ।[३१] यहाँनेर उल्लेख्य कुरा के पनि छ भने यस्ता विद्यार्थीले महाराजाधिराज (श्री ५) लाई भेट्ने प्रचलन भने भएको पाइँदैन । तर विदेशबाट आफ्नो पढाइमा उत्तीर्ण भएर फर्कने कतिपय विद्यार्थीलाई श्री ५ ले बक्स दिएको उदाहरणहरू पनि पाइन्छन् । जस्तो इन्ट्रेन्स (एस.एल.सी) उत्तीर्ण गरेर फर्कने कर्णेल हर्षजंग थापा क्षेत्रीका छोरा चंद्र थापा श्रेत्रीलाई श्री ५ ले दोसल्ला वापत बक्स दिनका निम्ति वि.सं. १९५८ सालमा नगद मोहर रू. ३०० दिएका थिए ।[३२] भने सोही वर्ष नै कलकत्ताबाट पास भएर आउने वकिल लेफटेण्ट कर्णेल कुलानन्दका छोरा मानिकलाल र सुकदेव पण्डितका छोरा मदनदेव पाध्यालाई बाटो खर्च रू. २१२/५०, दोसल्ला वापत रू २००/- समेत जनही मो. रू. ४१२/५० का दरले जम्मा रू. ८२५/- श्री ५ को नामबाट बक्स दिइएको थियो ।[३३]

## उपसंहार

अध्ययनका निम्ति भारतमा पठाउन कस्ता विद्यार्थीलाई छानिन्थ्यो र विद्यार्थी छान्ने आधार के थियो भन्ने विषय पनि महत्त्वपूर्ण छ । राज्यको छात्रवृतिमा पढ्न भारत पठाउँदा वर्तमानमा जस्तो प्रतिस्पर्धा गराएर योग्य विद्यार्थीको छनोट प्रक्रिया र पढ्न पठाइने आधार निर्धारण गरिएको पाइँदैन । यद्यपि भारतमा विभिन्न विषय पढ्न गएका विद्यार्थीहरूको पारिवारिक पृष्ठभूमिका आधारमा यसबारे केही जानकारी पाउन सकिन्छ । जस्तो बम्बैमा

*२७. परिशिष्ट नं. ५ २८. परिशिष्ट नं. १० २९. परिशिष्ट नं. ११ ३०. परिशिष्ट नं. ७ ३१. घनश्याम रिजाल, पाद टिप्पणी नं. १, पृ. ११० । ३२. परिशिष्ट नं. ११ ३३. परिशिष्ट नं. १२*

एम.बी. पढ्न पठाइएका यज्ञबहादुर बस्नेत क्षेत्री चन्द्र शमशेरसंग यूरोप भ्रमणमा जाने मेजर (?) गंगाबहादुर बस्नेत क्षेत्रीका छोरा थिए।[३४] त्यति मात्र नभएर गंगाबहादुर चन्द्र शमशेरको समयका सफल दौडाहाका रूपमा प्रसिद्ध पनि थिए।[३५] बनारसमा मेकानिकल इन्जिनीयरिङ्ग पढ्न पठाइएका चन्द्रदास गुप्ता प्रसिद्ध डाक्टर सुरस चन्द्रदास गुप्ताका छोरा थिए।[३६] कलकत्तामा डाक्टरी पढ्न पठाइएका देवमणि आदि चन्द्र शमशेरसंग यूरोप भ्रमणमा जाने[३७] तथा चन्द्र शमशेरको कान्छी रानीका प्रमुख सल्लाहकार मध्येका[३८] पण्डित काशिनाथ आदिका छोरा थिए। यसबाट तत्कालीन प्रधानमन्त्रीसंग राम्रो तथा निकटको सम्बन्ध नै भारतमा पढ्न पठाइने विद्यार्थी छनोटको मूल आधार भएको देखिन्छ। त्यस्तै भारदारको परिवारका सदस्यलाई मात्र त्यसरी पठाइन्थ्यो। जे होस् अध्ययन पूरा गरेर फर्कने विद्यार्थीहरूले नेपालमा आई आफ्नो क्षेत्रमा उल्लेख्य योगदान दिएको पनि पाइन्छ। जस्तो रूड्कीबाट इन्जिनीयरिङ्ग उत्तीर्ण गरेर फर्केका सुर्जेजंग थापा क्षेत्रीले वि.सं १९८५ सालतिर नेपाल-तिब्बत बीचको सम्भाव्य युद्धका वखत तिब्बत जाने नाकाहरूमा ठूलो तोप लैजान हुने पक्की सडक बनाउने कार्य गरेका थिए।[३९] त्यस्तै इन्ट्रेंस उत्तीर्ण गरी फर्केका चन्द्रजंग थापालाई चन्द्र शमशेरले यूरोप भ्रमणमा लगेका थिए[४०] र वि.सं. १९८२ देखि १९८९ सम्म कलकत्ताको वकिल नियुक्त गरेका थिए।[४१]

प्रधानमन्त्री चन्द्र शमशेरको कार्यकालमा अध्ययनका निम्ति भारतमा पठाइएका व्यक्तिहरूले राणाशासनमा मात्र नभएर प्रजातान्त्रिक शासन व्यवस्था अर्थात् २००७ साल पछि पनि मुलुकका निम्ति महत्त्वपूर्ण योगदान दिएको पाइन्छ। जस्तो चन्द्र शमशेरकै समयमा भारतमा बी.ए., बी.एल. पढ्न गएका गुंजमान सिंहलाई राजा महेन्द्रले वि.सं. २०१२ साल वैशाख १ गतेका दिन प्रिन्सिपल रायल एड्भाइजर नियुक्ति गरी मुलुकको शासन सञ्चालनको जिम्मा दिएका थिए।[४२] त्यस्तै देहरादूनबाट फरेष्ट रेंजर अध्ययन गरी फर्केका शेरजंग थापालाई प्रजातन्त्रको स्थापना पछि पनि वन र मालपोत विभागको सचिव बनाइएको थियो।[४३]

यसप्रकार सरकारी सहयोगमा भारतबाट विभिन्न विषय अध्ययन गरी फर्कने विद्यार्थीहरू मध्ये कतिले आ-आफ्नो क्षेत्रमा उल्लेख्य योगदान दिएका थिए। तथापि सरकारी स्तरबाट विदेशमा अध्ययनार्थ पठाइने विद्यार्थी छनोट तथा विषय छनोटको नियमसम्म पनि बनाइएको देखिंदैन। त्यसैले यस क्षेत्रमा प्रधानमन्त्रीको इच्छा नै नियम कानूनका रूपमा लागू भएको पाइन्छ।

## परिशिष्ट

## परिशिष्ट नं. १ देखि १२ सम्मका सामग्रीहरू

### परिशिष्ट नं १

श्री चन्द्र

कौसितोषाखानाका हाकिम कारिन्दाले पुर्जिहेरी देसमा इलम सिकन पढन पठाइबक्सेका तपसीलका लड्काहरूलाई पढुंज्यालसम्म पाउने पढन छोडी आयमा नपाउने गरी वर्ष १ को तपसिलका दरले बक्स गरिबक्सेको छ सो दरले सुरू मैन्हामा र खतम दिन गन्तिका हिसाबले र अरू मैन्हाको मैन्हा मैन्हामा नीज लड्काहरूले पढ्दै रहेको छन् भंने पाठसाला वंदोवस्त ईन्स्पेक्टर अफीसको लेषौट्

३४. *पुरूषोत्तम शमशेर ज.ब.रा., श्री ३ हरूको तथ्य वृतान्त (भाग-२), वाराणसी (भारत): परमवीरशमशेर ज.व.राणा, वि.सं.२०४७, पृ. ७८।*

३५. *कमल दीक्षित, चढाइ गर्ने आँखाले, ललितपुर: मदन पुरस्कार पुस्तकालय, वि.सं.२०३७, पृ. ४, ५।*

३६, *सरदार भीमबहादुर पाँडे, त्यसबखतको नेपाल-राणाकालीन आखिरी तीन दशक (भाग-१), काठमाडौं: लेखक, पृ. २१३*

३७. *पुरूषोत्तम शमशेर ज.ब.रा., पाद टिप्पणी नं ३४, पृ. ७९।*

३८. *सरदार भीमबहादुर पाँडे, पाद टिप्पणी नं ३६ पृ. २४१*

३९. *सरदार भीमबहादुर पाँडे, पाद टिप्पणी नं. ३६, पृ. २२३*

४०. *पुरूषोत्तम शमशेर ज.ब.रा., पाद टिप्पणी नं. ३४, पृ. ७८*

४१. *विश्व प्रधान, विहेभियर अफ नेपलीज फरेन पोलिसी, काठमाडौं: श्रीमती दुर्गादेवी प्रधान, ई.सं. १९९६, पृ. ६१८।*

४२. *गृष्मबहादुर देवकोटा, नेपालको राजनीतिक दर्पण (भाग-१), काठमाडौं: धुबबहादुर देवकोटा, वि.सं.२०३६, पृ. २९६।*

४३. *ऐजन पृष्ठ २१८*

पुर्जी नीस्सा ली नीज लड्काहरूको मानिस हस्ते दीना के कालेज ईस्कुल गोस्वाराका हाकिं हस्ते स्याहामा वक्स खर्च लेषी दिने काम गर

तप्सील्

रूड्कीमा इंन्जीनीयरीङ् पढ्न गयको सुर्जेजङ् थापा छेत्री के सं २३ नभेंवर १ तारीष ८० साल कार्तिक १६ गते देषी वर्ष ३ सम्म लाई पढुंज्याल दीने वर्ष १ को कंपनी रू सातसये बीस —————————— ७२०

डेहराडुंमा फरेष्ट रेंजरको कां सीक्न गयको सेरजङ् थापा छेत्री के. सं २४ अप्रेल १ तारीष ८० साल चैत्र २० गते देषी वर्ष २ दुई सम्मलाई पढुंज्याल दीने वर्ष १ को कम्पनी रू. नौ सये साठी —————————— ९६०

वनारसमा ईलेक्ट्री ईन्जीनीयरीङ पढ्न जाने जतक राज श्रेष्ठ के ८१ साल आषाड मैन्हा देषी ८६ साल जेस्ठ मैन्हा सम्मलाई पढुंज्याल दीने वर्ष १ का कंपनी रू ६ सय छयानबे —————————— ६९६

ऐ मा सिभिल ईन्जीनीयरीङ पढ्न जाने भुपेन्द्र सम्सेर थापा छेत्री के ८१ साल आषाड मैन्हा देषी ८५ साल जेस्ठ मैन्हा सम्मलाई पढुंज्याल दीने वर्ष १ को कंपनी रू साठी —————————— ६०

ऐ ऐ पढ्न जाने जङ्गवीक्रं राणा के ८१ साल आषाड मैन्हा देषी ८५ साल जेस्ठ मैन्हा सम्मलाई पढुंज्याल दिने वर्ष १ को कंपनी रू साठी —————————— ६०

ऐ ऐ पढ्न जाने फलेन्द्रवीक्रं राणा के ८१ साल आषाड मैन्हा देषी ८५ साल जेस्ठ मैन्हा सम्मलाई पढुंज्याल दीने वर्ष १ को कंपनी रू साठी—————————— ६०

ज्मा कंपनी रू पचीस सै छपंन २५५६

इति सम्वत् १९८१ साल श्रावण २४ गते रोज ५ शुभं

स्ही ना डी

स्रोत-इतिहास केन्द्रीय विभाग, सि.नं. ९
साविक नं - २९३

## परिशिष्ट नं २

श्री चन्द्र

कौसितोसाषानाका हाकीं कारीन्दाले पुर्जी हेरी डाक्टर सुरेसचन्द्र दास गुप्ताका छोरा चारू चन्द्रदास गुप्तालाई वनारसमा मिकानिकल ईंजीनियरीङ् पढ्न पठाइवक्सेको हुनाले निजलाई ८१ साल मार्ग १ गते देषी स्व इलम् पढ्ने कोर्श षतम् गर्ने टाइम ८५ साल कार्तिक तक वर्ष ४ सम्मलाई पढुंज्याल पाउने पढ्न छोडी आयामा नपाउने गरी मैन्हाको कंपनी रू. ५० पचास रूपैंञाका दरले वर्ष १ को कंपनी रू. ६०० छ सये भता ठेकी वक्सेको छ स्व वमोजिं किताप दर्ता गरी कलेज ईस्कुल गोस्वाराबाट लेषी आयाको भत्ताको रिपोट्मा छाप लगाइ दीनु भंन्या कितापषाना दर्ता फांट्का नाउमा र निजलाई ठेकीयाको ८१ साल मार्ग मैन्हा देषी लेषीयाका मितिसम्मको भता पढुंज्याल मैन्हा मैन्हामा सवाल सनदको रीत पुऱ्याई कौसि तोसाषानाबाट जिम्मावारी लीई षुवाउनु भंने कलेज ईस्कुल गोस्वाराका नाउमा सनद गरिवक्सेको हुनाले स्व वमोजिं निज चारू चन्द्रदास गुप्तालाई माथी लेषीयाको बमोजिं ठेकीयाको भता ८१ साल मार्ग मैन्हा देषी लेखियाका मीतीसम्म पढुंज्यालको भता देसमा पढ्ने लडकाहरूको भता दीने बारेमा भयाका सवाल सनदको रीत पुऱ्याई मैन्हा मैन्हामा कलेज ईस्कुल गोस्वाराका हाकीं जिम्मा जिम्मावारी दिने काम गर ईति सम्वत् १९८२ साल आषाड १३ गते रोज ६ शुभम्

दस्तखत

स्रोत- इतिहास केन्द्रीय विभाग, सि. नं. ४
सविक नं. २८८

[illegible]

## परिशिष्ट नं ३

श्री चन्द्र

कौसी तोसाषानाका हाकिं कारींदाले पुर्जिहेरी क.प. कुलमान रायमाझी छेतृ का छोरा रेखवहादुर रायमाझी हाल कलकत्तामा टेकनीकल कलेजमा ड्रईङ र हिसाब सिकी ड्रईङ इन्ट्रेंस जाच दीयर पछी सिवपुरं ईन्जीनीयरीङ् कलेज षुलेपछी भर्ना भै ५ पांच वर्ष सम्म ईन्जीनीयरीङ पढ्नलाई हाल नीज रेखवहादुर रायमाझी छेतृलाई स्व सिवपुर ईजीनीयरीङ कलेज षुलने ८३ साल कार्तिक मैन्हा सम्मलाई यही ८२ साल पौष मैन्हा देषी षान पाउने गरी मैन्हा १ को कं रु ७० सतरी रूपैयाका दर्ले भता ठेकी वक्सेको छ स्व वमोजीं कीताप दर्ता गरी कलेज इस्कुल गोस्वाराबाट लेषी ल्यायाको भताको रीपोट्मा छाप लगाई दीनु भंने कम्यांडरी कीतापषानाका नाउमा र लेषीया वमोजींको भत्ता कौसी तोसाषानाबाट जीम्मावारी ल्याई ष्वाउनु भंने इस्कुल गोस्वाराका नाउमा स्मेत सनद गरीबक्सको हुनाले स्व वमोजी. देसमा पढने लड्काहरूको भता दिने वारेमा भयाका सवाल सनदको रीत पुऱ्याई मैन्हा मैन्हामा कलेज ईस्कुल गोस्वाराका हाकीं जीम्मा जीम्मावारी दीने काम गर ईती सम्बत् १९८२ साल पौष २८ गते रोज २ शुभं

दस्तखत

स्रोत- इतिहास केन्द्रीय विभाग, सि. नं. १५
साविक नं - ३०




## परिशिष्ट नं ४

श्री ३ चन्द्र

कौसी तोसाषानाका हाकीं कारींदाले पुर्जि हेरी सुव्वा पद्मराज पाडेका छोरा कासीराज पाडेलाई कलकत्ता टेकनीकल कालेजमा ड्इङ र हीसाव सिकी ड्इङ इन्ट्रेंस जाच दीयापछी मद्रास ईजीनीयरीङ कालेज षुलेपछी ५ वर्ष सम्म ईजीनीयरीङ पढाउनालाई हाल नीजलाई सो कलकत्ता टेकनीकल कालेजमा ड्इङ र हीसाव सिकन गयेको ८२ साल पौष महीनादेषी षान पाउने गरी मद्रास इंजीनीयरीङ कालेज षुलने टाइम् ८३ साल कार्तिक मैन्हा सम्मलाई मैन्हा १ को कं रू ७० सत्तरी रूपैयाका दरले भत्ता तोकी वक्सेको छ स्व वमोजीं कीताप दर्ता गरी भत्ताको रीपोट्मा छाप लगाई दीनु भंने कम्यांडरी कितापषानाका नाउँमा र लेषीया वमोजिं को भत्ता जीम्मावारी ल्याई षुवाउनु भंने ईस्कुल गोस्वाराका नाउमा स्मेत सनद गरीवक्सेको हुनाले स्व वमोजीं देसमा अंग्रेजी इलम् पढ्ने लडकाहरूको भत्ता दीने वारेमा भयका सवाल सनदको रीतपुऱ्याई मैन्हा मैन्हामा ईस्कुल गोस्वाराका हाकीं जिम्मा जिम्मावारी दीने काम गर ईती सम्वत् १९८२ साल चैत्र १६ गते रोज २ शुभं

स्रोत- इतिहास केन्द्रीय विभाग, सि.नं. २२

सविक नं ३०५




## परिशिष्ट नं ५

श्री चन्द्र

कौसी तोसाषानाका हाकीं कारींदाले पुर्जी हेरी गेहेन्द्रसम्सेर थापा छेतृलाई सन् २६ अप्रेल १ तारीष देषी वर्ष २ दुई सम्म देहरादुंमा फरेस्ट रेंजर कोर्स पढाउन पठाइवक्सेको हुनाले नीजलाई भत्ता वकस कालेजको फी दस्तुर स्मेत् पठाउने दीने सो ईलम पढी रहने सेरजङ्ग थापा छेतृले पाया सरह पाउने गरी सनद गरी दीनु भंने श्री ३ महाराज वाट हुकुम वक्सेको छ भनी सदर आफीस् मुंसीषानावाट चैत्र ४ गते ४ मा प्रमांगी पुर्जि लेषी पठायाको र सो इलम पढी रहने सेरजङ्ग थापा छेतृलाई वर्ष २ सम्म लाई पढुंज्याल मैन्हा १ को कं रू ७० ले वर्ष १ को कं रू. ८४० का दरले भता ठेकी वक्सेको हुनाले स्व वमोजीं नीज ले. क. प्रेम सम्सेर थापा छेत्रका छोरा गेहेन्द्र सम्सेर थापा छेतृलाई सन् २६ अप्रेल १ तारीष सम्वत् १९८२ साल चैत्र १९ गते देषी वर्ष २ दुई सम्म देसमा सो इलम् पढुंज्याल पाउने पढ्न छोडी आयामा नपाउने गरी वर्ष १ को कं रू ८४० आठ सय चालिसका ठेकी वक्सेको छ स्व वमोजींको नाम दर्ता गरि भताको रिपोटमा छाप लगाई दिनु भंने किताप षानाका नाउमा र लेषीया बमोजींको भता जिम्मावारी ल्याई षुआउनु भंने ईस्कुल गोश्वाराका नाउमा समेत सनद गरिवक्सेको हुनाले स्व वमोजीं सनद सवालको रित पुऱ्याई मैन्हा मैन्हामा ईस्कुल् गोश्वाराका कौसी तोसाषानाका नाउमा सनद गरी वक्सनु पर्ने ठहराज्यू भनी पाठसाला वंदोवस्त ईन्स्पेकटरी अफीसका हाकीं कारींदाले हाम्रा हर्जुर्मा वींती पार्दा जाहेर भयो तसअर्थ स्व ठहरायाकोमा हामीबाट पनी सदर गरीवक्सेको छ स्व वमोजीं गर्ने काम गर ईती सम्वत् १९८२ साल चैत्र १६ गते रोज २ शुभं

स्रोत- इतिहास केन्द्रीय विभाग सि.नं. १८

साविक नं. ३०३



## परिशिष्ट नं ६

### श्री चन्द्र

कौसी तोसाषानाका हाकीं कारींदाले पुंजि हेरी क. गङ्गा वहादुर वस्नेत् छेत्रीका छोरा यज्ञवहादुर वस्नेत् छेत्रीलाई वंवैमा एम्. वी. पढ्न पठाई वक्सेको हुनाले नीजलाई ८१ साल जेष्ठ १५ गते देषी (३ अक्षर मेटिएको) पढ्ने कोर्स षतम गर्ने टाईम ८७ साल जेष्ठ १४ गते तक वर्ष ६ सम्म लाई पढुंज्याल पाउने पढाइ छाडी आयामा नपाउने गरी मैन्हाको कं रू ७० सत्री का दर्ले वर्ष १ को कंपनी रू ८४० आठ सये चालीस् भत्ता ठेकी वक्सेको छ सो ठेकीयाको ८१ साल श्रावण मैन्हा देषीको भत्ता अरू देसमा पढ्ने लड्काहरूको भत्ता सरह सदरैवाट जाने हुनाले सो ८१ साल श्रावण मैन्हा देषीको भत्ता तेस अडावाट दीनु पर्दैन ८१ साल जेस्ठ १५ गते देषी आषाड मैन्हा सम्मको भत्ता सवाल सनदको रीत पुऱ्याई दीने काम गर भंने मोरं वीराट्नगर ३ सांचाका नाउमा स्मेत् सनद गरीवक्सेको हुनाले सो वमोजीं कीताप दर्ता गरी वीराट्नगर ३ सांचालाइ जनाउ स्मेत पठाई दी ८१ साल श्रावण मैन्हा देषी लेषीयाका मीतीसम्म पढुंज्याल मैन्हा मैन्हामा तेस कौसी तोसाषानावाट जीम्मावारी ल्याइ षुवाउनालाई देसमा पढ्ने लड्काहरूको भत्ता दीनेवारे भयाका सनद सवाल वमोजीं कलेज् इस्कूल गोस्वारावाट लेषी ल्यायाको रीपोट्मा छाप लगाइ दीने काम गर भंन्या कम्प्याडरी कीताप षानाका नाउमा स्मेत् सनद गरीवक्सेको हुनाले सो वमोजीं नीज यज्ञबहादुर वस्नेत छेत्रीलाई माथि लेषीय वमोजीं ठेकीयाको भत्ता ८१ साल श्रावण मैन्हा देषी लेषीयाका मीतीसम्म पढुंज्याल मैन्हा मैन्हामा सवाल सनदको रीत पुऱ्याई कलेज ईस्कुलका हाकीं जीम्मा जीम्मावारी दीने काम गर ईती सम्वत् १९८१ साल असाड १५ गते रोज ३ शुभं

स्ही ताडीकु

स्रोत- इतिहास केन्द्रीय विभाग सि. नं. ३
साविक नं २८१



## परिशिष्ट नं ७

श्री ३ चन्द्रशम्सेर

कौसी तोसाषानाका हाकीं कारींदाले पुर्जिहेरी देसमा अंग्रेजी ईलम् सीकन पढ्न गयका लड्काहरूलाई ठेकी वक्सेको दरवंदी वमोजीमका भत्ता ८१ साल श्रावण १ गते देषी वीराट्नगर ३ सांचावाट पठाउने वंद गरी कौसी तोसाषानावाट जिम्मावारी ल्याई कालेज ईस्कुल गोस्वारावाट पठाई षुवाउने वारेमा सो अडाहरूका नाउमा मुल्की वंदोवस्त मार्फत सदर भै आयका ८१ साल श्रावण ३२ गतेका षड्ग नीसाना सनदमा कलकत्तामा वी.कम.पढ्ने रूद्रमान श्रेस्ठलाई भेट्नरी पढ्ने काऐं (?) मा लेषीया वमोजीं भत्ताका रीपोट्मा लेषी जीम्मावारी ल्याई मलाई षुवाई आयको हाल देषीन आयको र भत्ताका हकमा भेटनरी पढ्नेलाई र वी.कम. पढ्ने लाई स्मेत् घटी वढी नभै यकै सरह कं रू ७२० सात सय वीस नै स्व षड्ग नीसाना सनद वमोजीं ख्वाई आयको हाल सो पढ्ने ईलमका नाउ फर्क देषीय पछि पनि पढ्ने इलम फर्क पारी भत्ता षुवाउनु ठीक मनासीव नेदेषीनाले नीज रूद्र (इंद्र ?) मान श्रेस्ठलाई अव उप्रान्त सो भत्ता वारेका ८१ साल श्रावण ३२ गतेका दर्वंदी षड्ग नीसाना सनद बमोजीं ठेकीयेको भत्ता वी.कम पढ्ने भनी कालेज ईस्कुल गोस्वाराले रीपोट लेषी ल्यायकोमा छाप लगाई दीनु भंन्या कीतापषाना दर्ता फाट्का नाउमा र सो वमोजीं लेषी जीम्मावारी ल्याई पठाई षुवाउने गर्नु भंने कालेज ईस्कुल गोस्वारालाई स्मेत् सनद गरीवक्सेको हुनाले स्व वमोजीं अव उप्रान्त नीज रूद्रमान श्रेष्ठलाई ८१ साल श्रावण ३२ गतेका दरवंदी षड्ग नीसाना सनद वमोजीं ठेकीयाको भत्ता वी.कम. पढ्ने भनी कीताप षाना दर्ता फाट्का छाप लागेका रीपोट् वमोजी सोही दरवंदी र षड्ग नीसाना सनद सवालको रीत पुऱ्याई मैन्हा मैन्हामा कालेज ईस्कुल गोस्वाराका हाकीं जीम्मा जीम्मावारी षर्च लेषी दीने काम गर वही वुझदा यस अघीका भत्ता सो षड्ग नीसाना दरवंदी सनद वमोजीं भेटनरी पढ्ने भनी लेषीयाका रीपोट् वमोजीं जीम्मावारी दी गैसकेकोमा पक्राउ हुने छैन भनी कौसी तोसाषानाका नाउमा सनद गरीवक्सनु पर्ने ठहराऊँ जो मर्जी हुकुम भनी पाठसाला वंदोवस्त ईन्सपेक्टर अफीसका हाकीं कारींदाले हाम्रा हजुर्मा वीन्ती पार्दा जाहेर भयो तसर्थ स्व ठहरायकोमा हामीबाट पनी सदर गरिवक्सेको छ स्व वमोजीं गर्ने काम गर ईती सम्वत् १८८२ साल आश्वीण २९ गते रोज ४ शुभं

स्ही

स्रोत- इतिहास केन्द्रीय विभाग, सि. नं. १२
साविक नं २९६



## परिशिष्ट नं. ८


श्री चन्द्र

कौसी तोसाखानाका हाकीम् कारीन्दाले पुर्जि हेरी पण्डित काशिनाथ आदिका छोरा देवमणि आदिलाई कलकत्तामा डाक्टरी इलम पढन पठाइवक्सेको हुनाले निजलाई ८२ साल आषाड १ गतेदेखि स्व इलम पढने कोर्स खतम गर्ने टाइम ८८ साल ज्येष्ठ मसांत तक वर्ष छ सम्म पढुंज्याल पाउने पढ्न छाडी आएमा नपाउने गरी मैन्हाको कंपनी रू ७० सत्तरी का दरले वर्ष १ को भत्ता कंपनी रू ८४० आठसये चालीस रूपैया ठेकी वक्सेको छ स्व वमोजिम कीतापमा दर्ता गरी कालेज स्कुल गोस्वारावाट लेखी ल्याएकाभताका रिपोटमा छाप लगाइ दिनु भंन्या कितापखाना दर्ता फाटका नाउमा र स्व वमोजिम कौसि तोसाषानावाट जिम्मावारी ल्याई खुवाउनु भंने कालेज स्कुल गोस्वाराका नाउमा स्मेत सनद गरिवक्सेको हुनाले सोवमोजिम निज देवमणि आदिलाई माथि लेखिया वमोजिम ठेकियाको भत्ता ८२ साल आषाड मैन्हादेखि लेखियाका मितिसम्म पढुंज्याल को भत्ता देसमा पढन गयाका लडकाहरूको भत्ता जिम्मावारी दिने वारेमा भयाका सवाल सनद को रित पुऱ्याइ मैन्हा मैन्हामा कालेज स्कुल गोस्वाराका हाकिम जिम्मा जिम्मावारी दिने काम गर इति सम्बत् १९८२ साल आश्वीं २ गते रोज ५ शुभं

दषत्

स्रोत- इतिहास केन्द्रीय विभाग सि. नं. ५

साविक नं २८९



## परिशिष्ट नं ९

श्री ३ चन्द्रशम्सेर

कौसि तोसाखानाका हाकीं कारींदाले पुर्जी हेरी देसमा अंग्रेजी ईलम् पढन गयाका तपसीलका लड्काहरू हाल तपसीलका मिति देषी ठाउ सरी तपसीलका ठाउमा तपसीलका इलम पढन गयको हुनाले नीजहरूलाई दरीयाको भत्ता अवदेषी तपसीलका ठाउँमा पठाई दीना निमित्त कलेज ईस्कुल गोस्वारावाट लेषी ल्यायका भत्ताका रीपोट्मा छाप लगाई दीनु भंन्या कीतापषाना दर्ताफाट्का नाउमा स्मेत् सनद गरीवक्सेको हुनाले स्व वमोजीं देसमा पढ्न लड्काहरूलाई भत्ता जिम्मावारी दीने तेस अडाका नाउमा भयाका खड्ग नीसाना सवाल सनदको रीत पुऱ्याई कीतापषानाका छाप लागेका रीपोट् वमोजीं कालेज ईस्कुल गोस्वाराका हाकीं जीम्मा जीम्मावारी दीने काम गर

### तपसील्

अघी पटनामा यल यम वी पढन गयाका द्वारीका प्रसाद कायस्तले ८२ साल श्रावण महिना देषी ठाउ सरी दरभङगामा स्वही ईलम् पढ्न गयको हुनाले नीजलाई दरीयाको श्रावण मैन्हा देषीको भत्ता सोही ठाउँमा पठाइ दिनु भंने कालेज इस्कुल गोस्वाराका नाउँम स्मेत सनद गरीवक्सेको हुनाले अवदेषी नीजलाई दरीयाको भत्ता सोही दरभङगामा पठाइदिने गरी जीम्मावारी दीनु १

अघी वनारसमा वीए पढ्न गएका सर्दार काजी रत्नमानका छोरा गुंजमान् यो साल् पास भै हाल सो ठाउ सरी ८२ साल श्रावण २४ गते देषी इलाहावादमा वी एल (अैन) पढन गएको हुनाले नीज यो साल कलेज छुटी वीदामा नेपाल आई वसी गयको जेस्ठ ११ गते देषी श्रावण २३ गते तक् को छुट्टी वीदाको पढाइ नभयाको भत्ता र ठाउ सरी पढन गयका मीती श्रावण २४ गते देषीको दरीयाको भत्ता स्मेत् सोही इलाहावाद्मा पठाइ दिनु भंन्या कालेज ईस्कुल गोस्वाराका नाउमा स्मेत् सनद गरीवक्सेको हुनाले अवदेषी नीजलाई दरीयाको भत्ता सोही इलाहावादमा पठाई दिने गरी जीम्मावारी दीनु १

इती सम्वत् १९८२ साल आश्वीन १६ गते रोज ५ शुभं

दस्तखत


स्रोत- इतिहास केन्द्रीय विभाग, सि. नं. १०

साविक नं २९४

## परिशिष्ट नं १०

(सदर अफीस मुंसीषानाबाट) पाठसाला वंन्दोवस्त के पुर्जी उप्रान्त गेहेन्द्र सम्सेर थापा छेत्रीलाई सन् २६ अप्रेल १ तारिष देषी वर्ष २ दुई संम्म देहरादुनमा फारेस्त रेंजर कोर्स पढाउन पठाइवक्सको हुनाले नीजलाई भत्ता वक्स कालेज फी दस्तुर स्मेत पठाउने दिने सो ईलम् पढीरहने सेरजङग् थापा छेत्रीले पाया सरह पाउने गरी सनद गरीदीनालाई तेस अडामा लेषी पठाउनु भनी श्री ३ महाराजवाट हुकुं वक्सेको हुनाले हुकुं वक्सेको माथी लेषीया वमोजीं चाडो सदन गरी दिने काम गर ईति संम्वत १९८२ साल चैत्र ४ गते रोज ४ शुभं

स्रोत- इतिहास केन्द्रीय विभाग सि.नं - १९
साविक नं ४९७



## परिशिष्ट नं ११

श्री ५ महाराजाधिराजबाट कर्णेल हर्षजंग थापा क्षेत्रीका छोरा चंद्रजं थापा क्षेत्रीले ईन्ट्रेस पास गरी आयाको हुनाले दोसला वावत् वक्स दिनु भंन्या ५८ साल आषाड सुदी १ रोज २ का २ छापे पुर्जि वमोजीम हस्ते नीज चंद्र जं थापाका कारिंदा नालेव (?) जोगलाले सहीछाप गरी बुभि लीयाको मोह रू ——————— ३००

स्रोत- इतिहास केन्द्रीय विभाग सि.नं. ११८

## परिशिष्ट नं. १२

श्री ५ महाराजधीराजवाट कलकत्तामा गै पास् भै आउने तपसीलका जना २ लाई वक्स दीनु भंन्या ५८ साल आषाड सुदी ७ रोज १ क २ छापे पुर्जी वमोजीम् हस्ते नीजहरूले सहीछाप गरी बुझी लीयाको मोह रू ——— ८२५

वकीले लेफटेन्ट कर्णेल कुलानन्दको छोरा मानीकलाल् ते वक्स (?) हस्ते नीजका वावु ले. क. कुलानन्द ले वदस्त

चक्र सुंदर ——————— ४१२॥

——————— २१२॥

दोसल्ला वावत् ——————— २००

सुकदेव पंडीतका छोरा मदन देव पाध्या के वक्स

हस्तेनी ——————— ४१२ ॥

वाटो षर्च ——————— २१२ ॥

दोसल्ला वावत् ——————— २००

स्रोत- इतिहास केन्द्रीय विभाग सि. नं ११८

## परिशिष्ट नं ९

श्री ३ चन्द्रशम्सेर

कौसि तोसाखानाका हाकीं कारींदाले पुर्जी हेरी देसमा अंग्रेजी ईलम् पढन गयाका तपसीलका लड्काहरू हाल तपसीलका मिति देषी ठाउ सरी तपसीलका ठाउमा तपसीलका इलम पढन गयको हुनाले नीजहरूलाई दरीयाको भत्ता अवदेषी तपसीलका ठाउँमा पठाई दीना निमित्त कलेज ईस्कुल गोस्वारावाट लेषी ल्यायका भत्ताका रीपोट्मा छाप लगाई दीनु भंन्या कीतापषाना दर्ताफाट्का नाउमा स्मेत् सनद गरीवक्सेको हुनाले स्व वमोजीं देसमा पढ्न लड्काहरूलाई भत्ता जिम्मावारी दीने तेस अडाका नाउमा भयाका खड्ग नीसाना सवाल सनदको रीत पुऱ्याई कीतापषानाका छाप लागेका रीपोट् वमोजीं कालेज ईस्कुल गोस्वाराका हाकीं जीम्मा जीम्मावारी दीने काम गर

### तपसील्

अघी पटनामा यल यम वी पढन गयाका द्वारीका प्रसाद कायस्तले ८२ साल श्रावण महिना देषी ठाउ सरी दरभङगामा स्वही ईलम् पढ्न गयको हुनाले नीजलाई दरीयाको श्रावण मैन्हा देषीको भत्ता सोही ठाउँमा पठाइ दिनु भंने कालेज इस्कुल गोस्वाराका नाउँम स्मेत सनद गरीवक्सेको हुनाले अवदेषी नीजलाई दरीयाको भत्ता सोही दरभङगामा पठाइदिने गरी जीम्मावारी दीनु १

अघी वनारसमा वीए पढ्न गएका सर्दार काजी रत्नमानका छोरा गुंजमान् यो साल् पास भै हाल सो ठाउ सरी ८२ साल श्रावण २४ गते देषी इलाहावादमा वी एल (अैन) पढन गएको हुनाले नीज यो साल कलेज छुटी वीदामा नेपाल आई वसी गयको जेस्ठ ११ गते देषी श्रावण २३ गते तक् को छुट्टी वीदाको पढाइ नभयाको भत्ता र ठाउ सरी पढन गयका मीती श्रावण २४ गते देषीको दरीयाको भत्ता स्मेत् सोही इलाहावाद्मा पठाइ दिनु भंन्या कालेज ईस्कुल गोस्वाराका नाउमा स्मेत् सनद गरीवक्सेको हुनाले अवदेषी नीजलाई दरीयाको भत्ता सोही इलाहावादमा पठाई दिने गरी जीम्मावारी दीनु १

इती सम्वत् १९८२ साल आश्वीन १६ गते रोज ५ शुभं

दस्तखत

स्रोत- इतिहास केन्द्रीय विभाग, सि. नं. १०


साविक नं २९४

## परिशिष्ट नं १०

(सदर अफीस मुंसीषानाबाट) पाठसाला वंन्दोवस्त के पुर्जी उप्रान्त गेहेन्द्र सम्सेर थापा छेत्रीलाई सन् २६ अप्रेल १ तारिष देषी वर्ष २ दुई संम्म देहरादुनमा फारेस्त रेंजर कोर्स पढाउन पठाइवक्सको हुनाले नीजलाई भत्ता वक्स कालेज फी दस्तुर स्मेत पठाउने दिने सो ईलम् पढीरहने सेरजङग् थापा छेत्रीले पाया सरह पाउने गरी सनद गरीदीनालाई तेस अडामा लेषी पठाउनु भनी श्री ३ महाराजवाट हुकुं वक्सेको हुनाले हुकुं वक्सेको माथी लेषीया वमोजीं चाडो सदन गरी दिने काम गर ईति संम्वत १९८२ साल चैत्र ४ गते रोज ४ शुभं

स्रोत- इतिहास केन्द्रीय विभाग सि.नं - १९

साविक नं ४९७



## परिशिष्ट नं ११

श्री ५ महाराजाधिराजबाट कर्णौल हर्षजंग थापा क्षेत्रीका छोरा चंद्रजं थापा क्षेत्रीले ईन्ट्रेस पास गरी आयाको हुनाले दोसला वावत् वक्स दिनु भंन्या ५८ साल आषाड सुदी १ रोज २ का २ छापे पुर्जि वमोजीम हस्ते नीज चंद्र जं थापाका कारिंदा नालेव (?) जोगलाले सहीछाप गरी बुझि लीयाको मोह रू ———————— ३००

स्रोत- इतिहास केन्द्रीय विभाग सि.नं. ११८

## परिशिष्ट नं. १२

श्री ५ महाराजधीराजवाट कलकत्तामा गै पास् भै आउने तपसीलका जना २ लाई वक्स दीनु भंन्या ५८ साल आषाड सुदी ७ रोज १ क २ छापे पुर्जी वमोजीम् हस्ते नीजहरूले सहीछाप गरी बुझी लीयाको मोह रू ———— ८२५

वकीले लेफटेन्ट कर्णौल कुलानन्दको छोरा मानीकलाल् ते वक्स (?) हस्ते नीजका वावु ले. क. कुलानन्द ले वदस्त

चक्र सुंदर ———————— ४१२॥

वाटो षर्च ———————— २१२॥

दोसल्ला वावत् ———————— २००

सुकदेव पंडीतका छोरा मदन देव पाध्या के वक्स

हस्तेनी ———————— ४१२ ॥

वाटो षर्च ———————— २१२ ॥

दोसल्ला वावत् ———————— २००

स्रोत- इतिहास केन्द्रीय विभाग सि. नं ११८